कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: १९ | वि.सं. २०८३ वैशाख १९ शनिवार | नेपाल संवत: ११४५, ज्येष्ठ कृष्ण प्रतिपदा | Saturday 2 May 2026 | yugaawhan@gmail.com | पृष्ठ: ८ | मूल्य: ५ ।-

बाँकेमा राष्ट्रिय पोषण स्क्रिनिङ अभियान :

## कुपोषण पहिचान र न्यूनीकरणमा प्रभावकारी पहल

◣ **सरला सुवेदी**
**बाँके, १८ वैशाख ।**
बालबालिका तथा आमाहरूमा देखिने कुपोषणको समयमै पहिचान गरी न्यूनीकरण गर्ने उद्देश्यले राष्ट्रिय पोषण स्क्रिनिङ अभियान बाँके जिल्लामा प्रभावकारी रूपमा सञ्चालनमा आएको छ। नेपाल सरकारको परिवार कल्याण महाशाखाअन्तर्गत पोषण शाखाको नेतृत्वमा देशव्यापी रूपमा सञ्चालन गरिएको उक्त अभियान बाँकेमा "न्युट्रिसन फर लाइफ" परियोजनामार्फत कार्यान्वयन भइरहेको छ।

अभियानलाई सुदृढ बनाउन हेलन केलर इन्टरनेशनल नेपालको आर्थिक तथा प्राविधिक सहयोग तथा बाँके युनेस्को क्लबको सहकार्य रहेको छ। अभियान अन्तर्गत ६ देखि ५९ महिनासम्मका बालबालिका तथा पहिलो १,००० दिनभित्रका आमाहरूको पोषण अवस्था परीक्षण गरिँदैछ। मिड-अपर आर्म सर्कम्फरेन्स (एमयुएसी) मापन, तौल, उचाइ/लम्बाइ र उमेरका आधारमा पोषण स्थिति मूल्यांकन गरिन्छ। परीक्षणका क्रममा गम्भीर तथा मध्यम कुपोषण भएका बालबालिका र जोखिममा रहेका आमाहरूलाई आवश्यक उपचार, परामर्श तथा रिफरल सेवा उपलब्ध गराउने व्यवस्था गरिएको छ।

अभियानको सुरुआत खजुरा गाउँपालिका-२, गउघाटस्थित सीतापुर स्वास्थ्य चौकीबाट गरिएको हो। प्रारम्भिक परीक्षणमा पाँच वर्षमुनिका ६९ जना बालबालिकामध्ये ५ जना मध्यम कुपोषणको अवस्थामा भेटिएका छन्। त्यस्तै, ७ जना गर्भवती महिलामध्ये २ जना कुपोषित रहेको पाइएको छ।

कार्यक्रममा स्वास्थ्यकर्मी प्रेम चन्द र सीता थापाले परीक्षण सेवा प्रदान गरेका थिए भने महिला स्वास्थ्य स्वयंसेविका सुनिता राईको सक्रिय सहभागिता रहेको थियो। न्यूट्रिसन सहजकर्ता सुष्मा केसीले स्क्रिनिङ, परामर्श तथा आवश्यक

▶▶ बाँकी ३ पेजमा

# सुर्खेत प्रशासनको कमजोर भूमिकाले अघि बढेन ट्रायल सेन्टर निर्माणको योजना

पूर्वाधार निर्देशनालयले प्रशासन, यातायात कार्यालय, नगरपालिका र स्थानीयवासीसँग पटक-पटक छलफल गरेको दावी गर्दै आएको छ । यी छलफलमा आफूहरुको उचित व्यवस्थापन नभएसम्म जग्गा खाली नगर्ने अडानले आयोजना अघि बढ्न सकेको छैन । अन्यत्र घर बनाउने जग्गाको सुनिश्चिता गरिदिए आफुहरु जुनसुकै बेला उठ्न तयार रहेको स्थानीयले बताउदै आएका छन् ।

◣ **ओम शाही**
**सुर्खेत, १८ वैशाख ।**
पूर्वाधार विकास निर्देशनालय सुर्खेतले २१ कार्तिक २०७९ मा सवारी चालक अनुमति पत्र (लाइसेन्स) को प्रयोगात्मक परीक्षा केन्द्र (ट्रायल सेन्टर) निर्माण गर्न बोलपत्र आह्वान गर्‍यो। यातायात व्यवस्था कार्यालय सुर्खेतका लागि बनाउन लागिएको ट्रायल सेन्टरको ठेक्कामा आवश्यक प्रक्रिया पुरा गरी ११ माघ २०७९ मा खोलिएको बोलपत्रमा एम/एस, एनएस न्यु दीपक जेभी छनौंट भयो।



पूर्वाधार विकास निर्देशानलयसँग भएको सम्झौता अनुसार १५ असार २०८० सम्म आयोजना सम्पन्न भइसक्नुपर्ने थियो। जसको लागत दुई करोड ३९ लाख ९६ हजार पाँच सय ९७ रुपैयाँमा थियो। निर्देशनालयको तर्फबाट तत्कालिन निमित्त निर्देशक रामसरण आचार्य र निर्माण कम्पनीकातर्फबाट नेत्रबहादुर कार्कीले सम्झौता पत्रमा हस्ताक्षर गरेका थिए।

तोकिएको समयभित्र निर्माण कार्य सम्पन्न नगरे सम्बन्धित निर्माण कम्पनी भागीदार हुने गरी सम्झौतामा उल्लेख छ। तर, सम्पन्न गर्ने मिति सकिएको तीन वर्ष पुग्नै लाग्दासमेत ट्रायल सेन्टर निर्माणको टुंगो छैन। कारण हो जग्गा प्राप्ती।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ (३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था, निर्माणस्थलबाट हटाउनुपर्ने रुख बिरुवालगायतका संरचना हटाउने सुनिश्चितता नभई बोलपत्र आह्वान गर्न मिल्दैन। तर, निर्देशनालयले यसको सुनिश्चितता नहुँदै ठेक्का लगाउन गरेको हतारो अहिले ट्रायल सेन्टर निर्माणमा टाउको दुखाई बनेको छ।

साविकको कटकुवा गाविस कित्ता नम्बर ७२ र १८४ को मालपोत कार्यालय सुर्खेतको नाममा रहेको जग्गा लिजमा लिई प्रयोगात्मक परीक्षाका लागि स्थायी संरचना निर्माणको प्रक्रिया अघि बढेको

▶▶ बाँकी ४ पेजमा

## देशभरबाट ४१७ जना बिचौलिया पक्राउ

◣ **युग संवाददाता**
**काठमाडौँ, १८ वैशाख ।**
पछिल्लो एक महिनाको अवधिमा देशभरबाट चार सय १७ बिचौलिया पक्राउ परेका छन्। नेपाल प्रहरीले काठमाडौँ उपत्यकाबाट १२३, कोशी प्रदेशबाट ४५, मधेसबाट ५०, बागमतीबाट ७६, गण्डकीबाट २७, लुम्बिनीबाट ४४, कर्णालीबाट २४ र सुदूरपश्चिमबाट २८ जनालाई गरेको हो।

पक्राउमध्ये १२१ जनाविरुद्ध विभिन्न मुद्दा दर्ता गरिएको र २९६ जना व्यक्तिलाई छानबिनपछि छाडिएको केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्ले जानकारी दिए। बिचौलियारहित, नागरिकमैत्री, कानुनसम्मत, पारदर्शी र छिटोछरितो प्रभावकारी सेवा प्रवाहलाई सहज बनाउन प्रहरीले भूमिका खेल्दै आइरहेको उनको भनाई छ।

**वैदेशिक रोजगारीमा लैजाने भन्दै ठगी गर्ने सात पक्राउ**

त्यसैबीच, वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देश पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा सात जना पक्राउ परेका छन्।

पक्राउ पर्नेमा तेह्रथुमका ४० वर्षीय सुरज पन्धाक लिम्बू, सोलुखुम्बुका ४६ वर्षीय कमलबहादुर पुलामीमगर र २९ वर्षीय सागर शेर्पा, काभ्रेपलाञ्चोकका ३९ वर्षीय विनोद थापा, २६ वर्षीय प्रल्हाद खत्री र ३३ वर्षीय सरोज गौतम तथा सिन्धुपाल्चोकका ५६ वर्षीय सूर्यप्रसाद कोइराला छन्।

उनीहरूले वैदेशिक रोजगारीमा पठाइदिने भन्दै युवासँग करोडौँ रकम असुलेको प्रहरी अनुसन्धानबाट खुलेको छ। काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले उनीहरूलाई पक्राउ गरेको हो।

**लुटपाटमा संलग्न पक्राउ**

सुनको सिक्री लुटपाट भएको घटनामा संलग्न रहेको अभियोगमा तारकेश्वर नगरपालिका-५ पैंयाटार बस्ने रसुवा घर भएका २५ वर्षीय विजय तामाङलाई प्रहरीले पक्राउ गरेको छ।

चन्द्रागिरी नगरपालिका-६ मातातीर्थ क्षेत्रमा बाटोमा हिँडिरहेकी महिलाको सुनको सिक्री लुटपाट गरेको घटनाको अनुसन्धानका क्रममा काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।




## सडक डिभिजन जुम्लाको चालु आवको नौ महिनामा पुँजीगत खर्च २६ प्रतिशत

◣ **युग संवाददाता**
**जुम्ला, १८ वैशाख ।**
सडक डिभिजन कार्यालय जुम्लाले चालु आर्थिक वर्ष २०८२/८३ को नौ महिनामा पुँजीगत खर्च २६ प्रतिशतमात्र भएको छ। चालु आवका लागि सङ्घीय सरकारबाट रु ७४ करोड ३६ लाख १९ हजार बजेट विनियोजितमध्ये साउनदेखि चैतसम्म कार्यालयको हालसम्म पुँजीगत खर्च २६ प्रतिशतमात्र भएको सडक डिभिजन कार्यालय जुम्लाका नि. प्रमुख श्रवणकुमार महताराले जानकारी दिए।

यो आवमा सडकका २२ वटा योजना बोलपत्र भई कार्यान्यवन गर्नेका लागि सम्झौता भई अहिले काम धमाधम भइरहेका छन्। कार्यालयको जुम्लालगायत कालिकोट र मुगु जिल्लामा कार्यक्षेत्र रहेको छ। राराताल जाने नाग्म-गमगढी सडकको कालोपत्र गर्ने यहाँको नाग्मदेखि हिमा गाउँपालिकाको देवारगाउँसम्मको करिब १५ किलोमिटर सडकको कालोपत्र गर्न ठेक्का आह्वान गरिएको कार्यालय प्रमुख महताराले जानकारी दिए।

पन्ध्र किलोमिटर खण्डमा उच्चस्तरीय कालोपत्रका लागि अस्फाल्ट कङ्क्रिट प्रविधि प्रयोग हुने भएको छ। नाग्म-गमगढी राजमार्गका लागि बहुवर्षीय बजेटसमेत स्वीकृत भइसकेकाले दीर्घकालीन रूपमा निर्माणकार्यले निरन्तरता पाउने अपेक्षा गरिएको छ। चार वर्षअगाडि सो सडकको यहाँको कनकासुन्दरी गाउँपालिका क्षेत्रमा करिब छ किलोमिटरमात्र सडक कालोपत्र भएको कार्यालय प्रमुख महताराले बताए।

पेट्रोलियम पदार्थको निरन्तर मूल्यवृद्धिले सडकका विकास निर्माणका काम प्रभावित हुने

▶▶ बाँकी ३ पेजमा



**कविता**

# घर



किशन पौडेल

धुरी, खाँबा र दलिनले मात्र
बनेको हुँदैन घर
घर एउटा ठेगाना मात्र पनि
होइन ।
घरसँगै गाँसिएका हुन्छन्
सम्बन्धका गहिरा जराहरू
जोडिएका हुन्छन् आत्मीय
मनहरू
बाँधिएका हुन्छन् स्मृतिका
धागोहरूले ।
चुलो, चौका र कोठाहरू
विश्वास र आस्थाका
रङहरूले पोतिएका हुन्छन्
आँगन र भित्ताहरू ।

घर अस्तित्वको पहिचान हो
मनको शान्त विश्रामस्थल
एउटा सुन्दर संसार हो ।

जहाँ पुगे पनि
थाकेका पाइलाहरू
घरको आँगनमै आएर
सुस्ताउँछन्
ढोकाले न्यानो अँगालो हाल्छ
मनको आकाशमा मिठो
मुस्कान फुल्छ ।
रङ खुइलिएको भए पनि
धुरी चुहिएकै भए पनि
आफ्नै घर सधैँ न्यानो र प्यारो
लाग्छ ।

जब हठात् आफ्नै
आँखाअगाडि
वर्षौंदेखि ओत दिइरहेको धुरी
खस्छ भित्ताहरू चकनाचुर
भएर ढल्छन्
आँगनका फूलहरू मुर्झाउँछन्
दलिनमा बास बस्न आउने
गौँथलीहरू
आफ्नो गुँड खोज्दै
कराउँछन् ।

त्यति बेला
घर मात्रै भत्किँदैन
मनभित्रको संसार चर्किन्छ
स्मृतिका पानाहरू च्यातिन्छन्
सम्बन्धका बलिया जराहरू
टुक्रिन्छन् ।

आफ्नै आकाश हराउँदा
आफैँले टेकेको जमिन
भासिँदा
आफ्नै अस्तित्व
आफ्नै आँखाअगाडि
चिप्लिँदा
घर मात्र होइन
घरसँगै धेरै सम्बन्धहरूको
उठीबास हुँदो रहेछ ।

**कथा :**

# डर



विष्णु प्रसाद सुवेदी

'साँढे दुई तलाको मेरो घर र मेरो परिवारमा म, मेरी श्रीमती र छोरी । खासै ठूलो घर नभए पनि परिवारका लागि सबै कोठा प्रयोग नहुने । झन् भुइँतलाका कोठा त कहिल्यै नखोलिने । त्यसैले सोच्थ्यौँ, यदि कुनै सानो, सभ्य परिवार भाडामा बस्न आए भने दिन हुन्थ्यो । यसो कहिलेकाहीँ बोल्ने मान्छे पनि हुन्थे । सपरिवार लामो समय कतै बाहिर जान पर्यो भने घरको सुरक्षा र संरक्षण पनि हुन्थ्यो । श्रीमतीलाई यसो घरखर्चमा सानो आम्दानी थपिन्थ्यो । घर पनि अलि जिउँदो हुन्थ्यो, मान्छेको आवाजले घरका भित्ता अलिकति न्यानो हुन्थ्यो । तर खोजेजस्तो मिल्दो परिवार भेट्टाउन सजिलो रहेनछ । कसैको परिवार धेरै ठूलो, कसैको चालढाल अलि अप्ठ्यारो, कसैमा कुनै न कुनै कमजोरी । यसरी धेरै महिना बिते । अन्ततः करिब नौ महिना अघि एउटा सानो परिवार आयो । करिब सड्तीस-अठतीस वर्षको श्रीमान्, त्यस्तै पैँतीस-छत्तीस वर्षकी श्रीमती र दश-बाह्र वर्षकी छोरी । हाम्रो जस्तै उनीहरूको पनि तीन जनाको सानो संसार । हामीलाई त्यो परिवार सन्तुलित र मिलेको जस्तो लाग्यो, त्यसैले घरको भुइँतला उनीहरूलाई सुम्पियौँ । त्यस दिनदेखि उनीहरू हाम्रो घरको निःस्तब्धता चिर्न थाले र बिस्तारै हाम्रो दैनिकीको हिस्सा बने ।

मेरो एउटा नराम्रो बानी छ, शायद अलि बढी नै नराम्रो ! आवश्यकता भन्दा बढी अरूको जीवनको चासो राख्ने । घर तलमाथि गर्दा, सिँढी उक्लँदा-ओर्लिंदा, झ्यालको छेउमा उभिँदा, वा कहिलेकाहीँ घाम ताप्न घरअगाडिको खाली भागमा बस्दा म त्यो परिवारलाई चुपचाप नियालिरहन्थेँ । बिस्तारै उनीहरू को-कस्ता छन् सबै मेसो पाइसकेको थिएँ । बाहिरबाट हेर्दा उनीहरूको संसार साधारण देखिन्थ्यो । सामान्य दैनिकी, सामान्य बोलीचाली तर नजिकबाट नियाल्दा भित्र कतै सानो रहस्यको छाया लुकेको जस्तो अनुभूति हुन्थ्यो । छोरी त उमेरले बच्चै भई, आँगनमा खेल्दा खुला हाँसो छोड्थी र त्यो हाँसोले घर नै क्षणभर उज्यालो पारिदिन्थ्यो तर उसकी आमा भने अनौठी थिई । अलिकति होची कदकी, शरीरमा हल्का भरिएको गोलाइ, गोरो अनुहारमा केही रसिलो आकर्षण, आँखामा कहिलेकाहीँ नशालु चमक । बोल्न मन पराउने, हाँस्न जान्ने, कहिलेकाहीँ खुलेर गफिने स्वभाव तर श्रीमानसँग भने कहिलेकाहीँ अचम्मैसँग रिसाएर चुप लाग्ने बानी । बाहिरबाट हेर्दा ऊ जीवन्त देखिन्थी, तर उसको अनुहारमा सधैँ हल्का डरको छाया टाँसिएको हुन्थ्यो । मानौँ ऊ जहाँ बसे पनि कसैले अदृश्य नजरले पछ्याइरहेको छ भन्ने अनुभूतिले उसलाई छोड्दैनथ्यो ।

मेरी श्रीमतीले उसका कुरा बारम्बार सुनाउँथी । "त्यो बहिनी त साह्रै डरपोक रहिछे," ऊ भन्थी, "दिनको उज्यालोमा पनि एक्लै कतै निस्कन सक्दिन रे ।" साँझको घाम ढल्न थालेपछि त झन् ऊ घरको ढोकाबाहिर पाइला टेक्नै सक्दिनथी । कतै जानै परे आमा-छोरी सँगै निस्कन्थे, हात समाएर, छिटोछिटो पाइला चाल्दै, मानौँ अँध्यारोले उनीहरूलाई पछ्याइरहेको होस् । मेरी श्रीमतीलाई त्यो बानी अचम्म लाग्थ्यो; कहिलेकाहीँ हल्का खिज्याउँदै उनीहरूका कुरा काट्थी पनि । तर म भने चुपचाप सुन्थेँ । किनकि मलाई लाग्थ्योः कुनै मानिस यति डरपोक केवल स्वभावले मात्र हुँदैन । डरको पनि आफ्नै इतिहास हुन्छ; कहिलेकाहीँ त्यो शरीरमा लुकेको हुन्छ । कहिलेकाहीँ पुरानो स्मृतिको गहिरो तहमा गाडिएको । मानिसको चाल, आँखा र मौनतामा त्यो इतिहास कहिलेकाहीँ झल्किन थाल्छ ।

श्रीमान् भने बिल्कुलै फरक किसिमको मान्छे थियो । पढाइले उसलाई धेरै टाढासम्म पुर्याएको थिएन, प्रमाणपत्र तह नै पार गर्न सकेको थिएन क्यारे । बोल्ने कला भने ऊसँग अचम्मको थियो । गोंगबुमा एउटा रेष्टुरेण्ट र बार चलाउँथ्यो । रेष्टुरेण्टका लागि चार-पाँच जना काम गर्ने मान्छेहरू राखिएको थिए । काम उनीहरूले गर्थे, ऊ भने ग्राहकसँग बस्ने, हाँस्ने, गफ गर्ने र सम्बन्ध गाँस्ने मान्छे । जग्गा व्यापारी, स्थानीय व्यापारी, गाडीधनी, खर्चिला ग्राहक सबैसँग उसको चिनजान थियो । ऊ तिनलाई आफ्नो रेष्टुरेण्टमा ल्याउँथ्यो, गफको मिठासले बसाल्थ्यो, र रात ढल्दै जाँदा त्यो गफ व्यापारको नाफामा परिणत हुन्थ्यो । कागजको शिक्षा ऊसँग कम थियो, तर मान्छेको मन पढ्ने शिक्षा उसले जीवनबाट सिकेको थियो । उसलाई हेर्दा कहिलेकाहीँ लाग्थ्योः ऊ जीवनलाई खेलजस्तै खेलिरहेको छ; काम अरूले गर्छन्, ऊ सम्बन्ध बनाउँछ; सम्बन्धले ग्राहक ल्याउँछ, ग्राहकले पैसा र पैसाको अभाव उसलाई कहिल्यै देखिएन ।

त्यो चम्किलो बाहिरी जीवनको ठीक उल्टो उसको घरभित्रको दैनिकी थियो । ऊ स्वभावैले ढिला घर फर्कन्थ्यो, अक्सर राति एघार बजेतिर । उसकी श्रीमती भने साँझ सात बज्दा नबज्दै गेटमा ताला लगाइदिन्थी, ढोकामा चुकुल कसेर भित्र बस्थी । कहिलेकाहीँ म आफैँ ढिलो घर फर्किँदा ऊ गेट खोल्न डराउँथी; मेरी श्रीमती नै तल झरेर गेट खोलिदिनुपर्थ्यो । आफ्ने श्रीमान् आउँदा भने ऊ मोबाइलमा कुराकानी गर्दै-गर्दै गेटतिर निस्कन्थी, अक्सर छोरीलाई पनि सँगै लिएर, जस्तो रातको अँध्यारो एक्लै सामना गर्न उसले अझै साहस पाएकी छैन । कहिलेकाहीँ भने ऊ निदाएर फोनको घण्टी सुन्नै नसक्ने रहेछ, अनि तल गएर गेट खोल्ने काम मेरै भागमा पर्थ्यो । त्यस्तो बेला मलाई खुबै झर्को लाग्थ्यो, ऊ भित्रको डरको घरले मेरो आफ्नै रातको शान्तिलाई पनि हल्का खल्बल्याइरहेको थियो । त्यही झर्कोसँगै मनको अर्को कुनामा एउटा जिज्ञासा पनि पलाइरहेको थियो, किनकि ती महिलाको डर जति सामान्य देखिन्थ्यो, त्यति नै गहिरो र अनकन्टार जस्तो लाग्न थालेको थियो । म कहिलेकाहीँ सोच्थें, डर पनि मान्छेको शरीरसँगै बस्ने प्राणी हो कि क्या हो ? केही मानिसको शरीरमा त्यो छायाझैँ टाँसिएर बस्छ । ती महिलाको चालढाल, बोल्ने तरिका, झ्यालबाट बाहिर हेर्ने तरिका, सबैमा त्यो डरको हल्का कँपाइ देखिन्थ्यो । कहिलेकाहीँ उसले मलाई देख्दा हल्का मुस्कुराउँथी, तर त्यो मुस्कान पनि तुरुन्तै हराइहाल्थ्यो, जस्तो कसैले उसलाई भित्रैबाट सम्झाइरहेको होस्, "सावधान रह ।"

एकदिन बेलुका भान्साको काम सकिएपछि मेरी श्रीमतीले अर्को रहस्य खोलिन् । "त्यो बहिनीलाई शंका रहेछ," उसले बिस्तारै भनिन्, "उसको लोग्ने अरू कुनै केटीसँग लागेको जस्तो छ रे ।" मैले चुपचाप सुनेँ । मेरी श्रीमतीका अनुसार, उसले एकदिन आफ्नो श्रीमानको मोबाइलमा कुनै केटीसँग भएको निकै घनिष्ठ च्याट देखेकी रहिछ । त्यस्तो किसिमको, जसले शब्दभन्दा धेरै अर्थ बोकेको हुन्छ । त्यसयता उसलाई आफ्नो घर, आफ्नै ओछ्यान र आफ्नै सम्बन्ध सबैमा अलिकति अनिश्चितता देखिन थालेको रहेछ । उसले गुनासो पनि गरिछे । आजकल घर आएपछि श्रीमान् पहिलेजस्तो उति धेरै सम्बन्धको चाह राख्दैनन् रे, बोलचालमा पनि त्यो पुरानो आत्मीयता हराउँदै गएको जस्तो लाग्छ रे । अस्ति एक दिन त घरै आएनन् रे । मेरी श्रीमतीले उसलाई आफ्नै ढंगले सम्झाएकी रहिछिन् । "अब छोरी पनि ठूली भइसकी, अलग्गै कोठामा सुताउने गर, त्यसले पनि केही सहजता ल्याउला ।" अनि अर्को उपाय पनि सुझाएकी रहिछन् "तिम्रो रेष्टुरेण्टको कुनै विश्वासिलो कामदारसँग सोधखोज गर्ने गर । ऊ कस-कससँग उठबस गर्छ, कहाँ-कहाँ जान्छ, अलि बुझ्ने गर ।"

यो कुरा सुन्दा म केहीबेर चुप लागेँ । मान्छेको सम्बन्ध कहिलेकाहीँ यस्तै सानो शंकाबाट भित्रैभित्रै मक्किन थाल्छ, पहिला विश्वासको सतहमा हल्का रेखा देखिन्छ, त्यसपछि त्यो रेखा बिस्तारै गहिरिँदै जान्छ र अन्ततः कहिल्यै नजोडिने गरी दुई चिरा पर्न सक्छ । ती महिलाको अनुहारमा मैले देख्ने डर शायद केवल अँध्यारोको डर थिएन; त्यसमा आफ्नै सम्बन्ध हराउने भय, आफ्नै शरीर र आत्मीयतामाथि अधिकार गुम्ने आशंका पनि मिसिएको हुन सक्छ । त्यो कुरा सम्झँदा मलाई लाग्योः कहिलेकाहीँ मानिसको वास्तविक डर बाहिरको संसारसँग होइन, आफ्नै घरभित्र पलाउन थालेको शंकासँग हुन्छ । यस्ता कुराले मेरो ध्यान उसको व्यक्तिगत जीवनको गतिविधिमा अझै तानिएको थियो । डरमा पनि एक किसिमको आकर्षण हुन्छ, मान्छे त्यसलाई बुझ्न चाहन्छ, त्यसको जरा खोज्न चाहन्छ । उसको दैनिक जीवनचर्या मलाई अब बिस्तारै एउटा सिरियलको कथा जस्तो लाग्न थालेको थियो । म उसको डरको कथा सिरियलको अर्को एपिसोडका लागि व्यग्र रहन्थेँ ।

चैत अन्तिमतिरको समय थियो । विद्यालयको सत्र सकिएको मौका छोपेर मेरी श्रीमती, छोरीलाई साथ लिएर माइत गएकी थिइन् । घर अचानक धेरै ठूलो र रित्तो अनुभव भएको थियो । उता मेरी श्रीमतीले सिकाएकै सल्लाहमा ती महिलाले पनि आफ्नी छोरीलाई मामाघर पठाएकी रहिछे । यसरी हेर्दा, घरका दुई तला भित्र हामी दुईजना मात्र बाँकी थियौँ, आ-आफ्नो कोठामा । म दिनभर अफिसमा हुन्थेँ, कहिलेकाहीँ साथीभाइसँग अल्झिन्थेँ । साँझ पर्न लागेपछि भने एक किसिमको हतारले मलाई घरतिर तान्थ्यो । कारण पनि अचम्मकै थियो । यदि ती महिलाले गेट खोलिनन् भने आफ्नै घरभित्र पस्न नपाई बाहिरै रात बिताउनु पर्ने त होइन भन्ने 'डर' । त्यसैले, अँध्यारो गहिरिन नपाउँदै म घर आइपुग्थेँ । म भित्रैभित्र सतर्क पनि थिएँ । घरमा श्रीमती नभएको समय, उता ती महिलाको श्रीमान् पनि प्रायः राति ढिलासम्म बाहिर । यस्तो अवस्थामा मान्छेको मनले अनावश्यक कुरा सोच्न सक्छ, अरूले पनि अनावश्यक कुरा बनाउन सक्छन् । त्यसैले, मैले पहिलेजस्तो भुइँतलातिर चासो दिएर हेर्ने, झ्यालबाट चियाउने बानी छोडेको थिएँ । आफ्नो नजरलाई अनुशासनमा राखेको थिएँ ।

आजको रात, करिब साँढे बाह्र बजेतिर, मेरी श्रीमतीको फोन आयो । निद्रा लपक्कै लागेको बेला फोनको घण्टीले झस्कायो । "ती महिला गोंगबुको रेष्टुरेण्टमा एक्लै छे," मेरी श्रीमतीले छिटोछिटो भनिन्, "लिन गैदिनुपर्यो रे ।" म झर्किएँ । "उसको लोग्ने छैन ? ट्याक्सी लिएर आउन सक्दिन ? म के उसको ड्राइभर हो ?" म कराएँ । तर उता श्रीमतीको स्वर नम्र र आग्रहपूर्ण थियो, "अप्ठेरो परेर हो रे, एक्लै ट्याक्सीमा आउन पनि डर लाग्यो रे । आज एक चोटि गइदिनु न ।" म केहीबेर मौन भएँ, अनि केही शान्त हुँदै गाडीको चाबी उठाएँ । गोंगबु पुगेर मैले थाहा पाएँ, कुरा त्यति साधारण रहेनछ । ती महिलाले शंका गर्दै आएकी केटी साँझदेखि नै रेष्टुरेन्टमा बसेकी रहिछे । रेष्टुरेण्ट बन्द भएपछि कामदारहरूलाई घर पठाएर ती दुईजना सँगै निस्केछन् । सबै निस्केपछि ती दुईजना भने फेरि फर्किएर त्यही रेष्टुरेण्टको साँचो खोलेर भित्र पसेर बसेछन्, शायद आजको रात त्यही सँगै गुजार्ने इरादा लिएर । एउटा विश्वासिलो वेटरले साँझदेखि नै शंका लागेर चुपचाप चियोचर्चो गरेकी रहिछे । ऊ घर गएजस्तो गरेर केहीबेर नजिकै छेलिएर बसेकी रहिछे र सब देखेपछि फोन गरेर महिलालाई खबर गरेकी रहिछे ।

खबर पाएपछि महिला हतारिँदै त्यहाँ पुगेकी रहिछन् । रातको करिब सवा एघार बजेको समय । केही मान्छे जम्मा गरेर, प्रहरीसमेत बोलाएर ठूलै हंगामा मच्चाइछन् । प्रहरीले उनका श्रीमान् र त्यो केटी दुवैलाई नियन्त्रणमा लिएको थियो । पछि उनले आफ्नै श्रीमानलाई छोडिदिन अनुरोध गरिछन्, तर प्रहरीले भोलिपल्ट बिहानसम्म राख्नैपर्ने भन्दै मानेनछ । त्यसपछि उनलाई आशा लागेछ, म आएँ भने जमानी बसेर छोडाउन सकिन्छ कि भनेर । त्यसैले, आउन अनुरोध गरेकी रहिछन् । म प्रहरीचौकीमा केहीबेर उभिएँ । उनले मेरोतिर आशाले हेरेकी थिइन् । मानौँ मैले केही भनेपछि परिस्थिति बदलिन सक्छ । मैले प्रयास गरेँ पनि । भोलि आफैँ बुझाउन ल्याउने वाचा पनि गरेँ । तर प्रहरी टसमस भएन । "भोलि बिहान आउनुस्," उनीहरूले छोटो जवाफ दिए । अन्ततः हामी फर्कनु पर्यो, म गाडी चलाउँदै, उनी सिटमा चुपचाप बसेर ।

"अघि आउँदा ट्याक्सीमा आएको हो ?" मैले बोल्ने बाहनाको लागि सोधेँ । उनी टाउको हल्लाइन् "होइन, हिँडेरै ।" मलाई पत्यार लागेन । हाम्रो घरबाट गोंगबु पुग्न कम्तीमा आधा घन्टा त लाग्छ-लाग्छ । "त्यति टाढा, त्यो पनि राति ?" मैले फेरि सोधेँ । उनी बिस्तारै बोलिन्, "कुरा सुन्नेबित्तिकै मैले त रिसले आँखै देखिनँ । के गर्दैछु, कहाँ जाँदैछु भन्ने सोच्ने फुर्सद नै भएन । दौडिँदै, हस्याङ-फस्याङ गर्दै पुगेँ । ट्याक्सी लिने ख्यालसम्म आएन ।" मैले फेरि उनलाई हेरेँ । "तर तपाईं त साँझ परेपछि गेट खोल्न निस्कन पनि डराउनुहुन्थ्यो," मैले आधा आश्चर्य, आधा जिज्ञासाले सोधेँ, "यत्रो बाटो एक्लै हिँड्दा डर लागेन ?" उनी केहीबेर मौन रहिन् । "डर त खै कता भाग्यो-भाग्यो ?" त्यसपछि लामो सुस्केरा हाल्दै बिस्तारै भनिन् , "ठूलो डर आँखा अगाडि आएपछि सानातिना डर हराउँदा रहेछन् ।" उनको स्वर निकै तल थियो र शब्दहरू गहिरा थिए । "मान्छेको जीवनमा सबैभन्दा ठूलो डर बाहिरको अँध्यारो होइन," उनले थपिन्, "आफ्नै विश्वास टुटेको क्षण हुँदो रहेछ ।"

त्यो वाक्य बोल्दा उनका ओठ हल्का काँपिरहेका थिए । हातका मुठी कस्सिएका थिए, उनी आफ्नो क्रोधलाई कसैले देख्न नदिन खोजिरहेकी हुन् जस्तो लाग्यो । मैले उनको अनुहारतिर एकछिन हेरेँ, त्यहाँ मैले पहिले देख्ने डरको छाया थिएन; बरु आँखाभित्र एक किसिमको आक्रोश दन्किरहेको थियो, दबिएको तर तातो । रात गहिरो भइसकेको थियो । शहरका सडकहरू लगभग सुनसान थिए । गाडीको हेडलाइटले मात्रै कालो सडकलाई काट्दै अगाडि बढिरहेको थियो । उनी झ्यालबाहिरको अँध्यारो हेर्दै आफ्नै श्रीमानलाई गाली गरिरहेकी थिइन्, कहिले रिसले, कहिले पीडाले । "कसरी यस्तो गर्न सकेको होला," उनी बड्बडाइरहेकी थिइन्, "यति वर्षको विश्वास...।" तर त्यही गालीको बीचमा अचानक उनी मेरो प्रशंसा गर्न थालिन् । "तपाईं त फरक हुनुहुन्छ," उनले भनिन्, "तपाईं आफ्नी श्रीमतीलाई धेरै माया गर्नुहुन्छ, बफादार हुनुहुन्छ, सहयोगी पनि ।" म चुप लागेर गाडी चलाइरहेँ । सडकको उज्यालो-अँध्यारो गाडीको सिसामा खेलिरहेको थियो । उनका शब्दहरू कानमा बजिरहे, प्रशंसा, पीडा र आक्रोश मिसिएको स्वर ।

मैले उनलाई उनको कोठाको ढोकासम्म पुर्याएँ । ढोका खोल्दा हल्का चर्कको आवाज आयो, जस्तो रातको निस्तब्धताले पनि त्यो सानो आवाजलाई ध्यान दिएर सुनेको होस् । म फर्केर माथिल्लो तलातिर उक्लिन लाग्दै थिएँ । त्यत्तिकैमा हठात् उनले मेरो हात समाइन् । म झसङ्ग भएँ । "एकैछिन बस्नु न..." उनले बिस्तारै भनिन् । स्वरमा हल्का थरथराहट थियो, आँखामा अनौठो भाव थियो । "किन ?" मैले सहज हुन खोज्दै सोधेँ । उनी केहीबेर मौन रहिन्, अनि थोरै मुस्कुराउँदै भनिन्ः "उहाँ पनि हुनुहुन्न, छोरी पनि छैन... राति एक्लै त मलाई असाध्यै डर लाग्छ ।"

त्यो क्षण उनका हाउभाउ केही अनौठा लागे, जस्तो उनी डर र थकानको बीच कतै अड्किएकी हुन् । म उनीसँगै कोठाभित्र पसेँ । रातको निस्तब्धता झ्यालबाट भित्र पसिरहेको थियो । उनी अझै पनि आफ्नो श्रीमानलाई गाली र श्राप बर्साइरहेकी थिइन् । शब्दहरूमा रिस थियो, पीडा पनि । त्यही रिस र पीडाको बीचमा उनी मलाई बारम्बार प्रशंसा पनि गर्दै थिइन् । मेरो उपस्थितिले उनलाई केही आधार दिएझैँ लाग्थ्यो । उनी बिस्तारै मेरो नजिक सरिरहेकी थिइन् । बेस्सरी मलाई आफूतिर खिचिरहेकी थिइन् । एक समय आयो । उनका शब्दहरू बिस्तारै शान्त हुँदै गए । उनी मेरो दायाँ हातलाई सिरानी बनाउँदै निर्धक्क निदाइन् । उनको सासको ताल क्रमशः स्थिर हुँदै गयो । अब उनमा न त डर बाँकी थियो, न त आक्रोश । उनको अनुहारमा एउटा गहिरो शान्ति झरेको थियो, जस्तो थाकेको मनले अन्ततः विश्राम पाएको होस् ।

म भने अव सर्वाङ्ग छ्वाङ्ग भइसकेको छु । "भित्ताको पनि आँखा र कान हुन्छ रे..." कसैले कहिल्यै भनेको वाक्य अचानक मेरो कानमा बजिरहेको छ । मेरो भित्र अजीब हलचल सु? भएको छ । म उठ्न खोजिरहेको छु तर शरीर यति हल्का महसुस गरिरहेको छु कि मेरा खुट्टा सिधा उभिन पनि सक्ने अवस्थामा छैनन् । मैले मेरो घनत्व अर्थात् मणि गुमाइसकेको छु । त्यो हल्कोपनसँगै अर्को भाव पनि उठिरहेको छ - 'डर' । बायाँपट्टिको भित्ता मलाई "पख्लास्" भनेझैँ गरेर हाँसिरहेको छ । अगाडिको भित्ताबाट बा-आमाले घृणा भावले हेरेको जस्तो देखिरहेको छु । मलाई भान भइरहेको छ, उनका दाजु-भाइहरू प्रहरीको पोशाकमा, हातमा मोटा लठ्ठी लिएर, मलाई धुलोपिठो पारेर कुट्न ढोका फोड्दै भित्र पस्न लागेका छन् । मेरी छोरीको आँखा उदास र सुख्खा छन्, मैले ती आँखाका नानीमा पहिले जस्तो आफ्नो प्रतिविम्व देखिरहेको छैन ।

म आँखा खोल्न सकिरहेको छैन किनकि खोलेँ भने ती सबै दृश्य साँच्चिकै देखिएलान् जस्तो लागिरहेको छ । आँखा बन्द गर्दैगर्दा मेरो आँखाको नजिकै मेरी श्रीमती मौन उभिइरहेकी देखिन्छिन् । उनमा आक्रोश छैन, उनका हातका मुठी कसिएका छैनन्, उनले दाह्रा किटेकी पनि छैनन् । उनका मौन आँखाले फगत यति भनिरहेको जस्तो लाग्दैछ "लौ तिमी माथिको मेरो विश्वास खण्डित भयो, यसैले म तिमीलाई छोडेर जाँदैछु ।" अब भने म आँखा बन्द गर्न पनि सकिरहेको छैन, किनकि आँखा बन्द गर्दैगर्दा झुल्किहाल्ने मेरी श्रीमतीको प्रतिरूपको सामना गर्न सकिरहेको छैन म । यो रात, यो कोठा, त्यो मौनता सबै एउटा काल कोठरी बनेको छ । ती महिला अझै पनि मेरो काँधमा शान्त निदाइरहेकी छन् तर म भने भयानक 'डर'ले सताइएको छु । शरीर शीताङ्ग भएको छ । मैले पहिलोपटक गहिरो गरी महसुस गरिरहेको छु, साँच्चै डर त आफूले असाध्यै माया गरको मान्छेले छोडेर जान सक्ने आशंकामा हुँदो रहेछ ।

**विश्व**

## सुकीलाई नजरबन्दमा सार्ने निर्णय, अन्तर्राष्ट्रिय छविमा केन्द्रित कदम

**याङ्गुन, १८ वैशाख ।**

पाँच वर्षदेखि हिरासतमा राखिएकी अपदस्थ नेता आङ सान सुकीलाई म्यान्माको सैनिक नेतृत्वले नजरबन्दमा सार्ने निर्णय गरेको छ । जुन्ता प्रमुखबाट नागरिक राष्ट्रपति बनेका मिन आङ ह्लाइङले बिहीबार सुकीको बाँकी सजाय 'तोकिएको निवास' मा पूरा गर्न दिने आदेश दिएका हुन् । यसलाई धेरैले अन्तर्राष्ट्रिय दबाब कम गर्ने प्रयासका रूपमा हेरेका छन् ।

राष्ट्रपतिको कार्यालयले जारी गरेको विज्ञप्तिमा ८० वर्षीया सुकीको सजायको स्वरूप परिवर्तन गरिएको उल्लेख गरिएको छ, तर उनलाई कहाँ राखिने भन्ने स्पष्ट पारिएको छैन । सार्वजनिक गरिएको एउटा तस्वीरमा उहाँ दुई जना सुरक्षाकर्मीसँग बसेको देखिन्छ । सुकीको पार्टी नेसनल लिग फर डेमोक्रेसी (एनएलडी) का एक वरिष्ठ स्रोतका अनुसार उहाँलाई राजधानी नेपिडोको कुनै सुरक्षित स्थानमा राखिएको हुनसक्ने अनुमान गरिएको छ, यद्यपि ठेगाना गोप्य राखिएको छ ।

नेपिडोस्थित एक प्रहरी स्रोतले सुरक्षा व्यवस्थालाई कडाइका साथ लागू गर्न निर्देशन दिइएको जानकारी दिएका छन् । उनका अनुसार 'तोकिएको निवास' पूर्ण रूपमा सुरक्षा निकायको नियन्त्रणमै रहनेछ । सुकीको सजाय कति बाँकी छ भन्नेबारे पनि सरकारी

बाँकी ४ पेजमा

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्युत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** – परिस्थिति अनुकूल रहनाले लक्ष्यप्राप्ति हुनेछ । छोटो समयमा फाइदा उठाउन सकिनेछ । अध्ययनमा प्रगति हुनेछ भने लेखनकलामा निखारता आउनेछ ।

**वृष** – प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ । रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ ।

**मिथुन** – आँटले सजिलै लक्ष्यमा पुर्याउनेछ । सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ ।

**कर्कट** – पुरानो सम्झौता तोड्नुपर्ने आवश्यकता पर्न सक्छ । दिगो योजनाका साथ अघि बढ्दा बिस्तारै लाभ मिल्नेछ ।

**सिंह** – सेवामूलक कामबाट राम्रो उपलब्धि प्राप्त हुनेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । कर्मयोगले नयाँ मोड लिनेछ ।

**कन्या** – आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ । बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ ।

**तुला** – इच्छाशक्ति बढ्नुका साथै कीर्तिमानी कामको यश लिने अवसर प्राप्त हुनेछ । समय फुर्सदिलो देखिए पनि रचनात्मक कार्य गर्न सकिनेछ ।

**वृश्चिक** – दिगो योजनाका लागि धेरै रकम जुटाउनुपर्ला । अवसरका लागि केही दौडधुप गर्नुपर्नेछ । आकस्मिक खर्च बढ्नाले अर्थ अभाव देखापर्न सक्छ ।

**धनु** – मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ । दैनिक काममा पनि उल्लेख्य फाइदा हुनेछ । थोरै लगानीबाट नाफा उठाउन सकिनेछ ।

**मकर** – सामाजिक कार्यले हौसला प्रदान गर्नेछ । प्रतिष्ठित काम गरेर धेरैको मन लोभ्याउन सकिनेछ । विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ ।

**कुम्भ** – धर्मकर्म तथा परोपकारी काममा प्रवृत्त भइनेछ । सामाजिक काम गर्ने अवसर प्राप्त हुनेछ । प्रयत्न गर्दा दिगो काममा जग बसाउन सकिनेछ ।

**मीन** – परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ । फाइदा उठाउन निकै मेहनत पर्नेछ । परिस्थितिसँग सम्झौता गर्नुपर्दा मन खिन्न रहनेछ ।

कथा :

# बाँझो बिहान



सामसोन गुरुङ

बिहानीको पाखा। डाँडाको टुप्पोमा अड्किएको घाम बिस्तारै उज्यालो बगाउँदै तल झर्दै थियो। चिसो सिरेटो हावासँगै माटोको सोंधो गन्ध उड्दै आइरहेको थियो–तर त्यो गन्धमा पहिलेको जस्तो गाउँको चहलपहल, त्यो जीवित स्पन्दन कहीँ हराउँदै गएको अनुभूति हुन्थ्यो।

घरको आँगनमै, कुले (घरका बाबु) बारी खन्ने काँटामा निहुरिएका थिए।

हातमा समाएको बीँडलाई उनी ढुङ्गामा ठोक्दै, धार मिलाउँदै थिए–टक... टक... टक...

त्यो आवाज शान्त बिहानीलाई चिर्दै टाढासम्म फैलिन्थ्यो।

हेर्दा लाग्थ्यो–

बीँडको चोट ढुङ्गामा मात्र होइन,

बिस्तारै चिप्लिँदै गएको समयको कठोर सतहमै परिरहेको छ।

आँगनको एक छेउमा पुरानो हलो ढल्किएको थियो–धुलोले ढाकिएको, जसलाई कसैले छोएको वर्षौं भइसकेजस्तो।

भित्रबाट मैतीमाया फटफटाउँदै निस्किइन्, हातमा बिरुवाको टोकरी, अनुहारमा चिन्ता र थकानको छायाँ।

"हाउ बाबु, छिटो गर्नुपर्छ! घाम नछिप्पिँदै आज यी बिरुवा रोपिहाल्नुपर्छ।

खै जन छैन आज...एकदिनको लागि मात्र कोही आइदिए, समयमा नै काम सकिन्थ्यो, वर्षभरिलाई ढुक्कै हुन्थ्यो।

लाठे छोराहरू परदेशमा, खेताला पाल्न गाह्रो... परमेहरू नाचगानमै मस्त!"

उनी एकैछिन रोकिइन्, आँगन वरिपरि हेर्दै बिस्तारै थपिन्–

"पहिला त यही आँगनमा हाँस्दै-गाउँदै परमा हिँड्थ्यौं... अहिले त आवाज पनि हरायो।"

कुलेले काँटा उठाउँदै, अलि थाकेको स्वरमा भने–

"खै मेरो दुई हात, तेरो दुई...म खन्दै जान्छु, तँ रोप्दै जा।

एकै जना भए पनि पाइए त आज सकिन्थ्यो... तर काम गर्ने हातहरू पाउनु नै गाह्रो भयो।"

काँटाको चोट फेरि बज्यो–टक...

माटो फुट्यो, तर समय अझ कडा भयो।

त्यसैबेला, आँगनको बाटो हुँदै एक जना भद्र, सहरी अनुहारको जवान देखा पर्छ।

"कुले काका!"

कुलेले टाउको उठाए, घामतिर एकचोटि हेरे–

"छिटो भन बाबु, घाम चढ्दैछ।"

जवान नजिक आयो, सिधा उभिएर भन्यो–

"मेरो नाम प्रकाश कुमार क्षेत्री। म समाजसेवक हुँ।

आजकाल कृषि क्षेत्रमा आएको ह्रासबारे जनचेतना फैलाउँदैछु..."

ऊ बोलिरह्यो–

"हाम्रो कृषि उत्पादन बढ्यो भने हामी बाहिरका वस्तुमा निर्भर हुनुपर्दैन।

आर्थिक उन्नति हुन्छ, शुद्ध खान पनि पाइन्छ।

हामीले आफ्नो बारी बाँझो नराखी, आफैं कृषि क्षेत्रमा लाग्नुपर्छ... मेहनत गर्नुपर्छ..."

शब्दहरू राम्रा थिए–सत्य जस्तै।

तर त्यतिबेला, घाम झन् माथि चढ्दै थियो।

पछाडिबाट मैतीमायाको आवाज फेरि आयो–

"हाउ, अब अलिकति मात्रै समय छ! ढिलो भयो भने बिरुवा सुक्छ।

एकजना खेताला भए पनि कति सजिलो हुन्थ्यो..."

उनले टोकरी भुइँमा राख्दै, कुलेलाई हतार गरिन्–

"ल, जाऔँ... जाऔँ!"

कुलेले काँटा एकपटक जोडले ढुङ्गामा ठोक्यो–टक्!

त्यो आवाज यसपटक गहिरो थियो।

उसले प्रकाशतिर फर्केर भन्यो–

"हजुरको कुरा ठिक हो...

तर अहिले–हामीलाई शब्द होइन, हात चाहिएको छ।

हामी त बारीतिर लाग्यौं...

तपाईं कता?"

आँगन एकाएक मौन भयो।

प्रकाश केहीबेर उभिइरह्यो।

उसले आफ्ना सफा जुत्ता हेर्‍यो–माटोको एक थोपा पनि लागेको थिएन।

अनि कुलेका च्यातिएका चप्पलतिर नजर गयो–जहाँ माटो मात्र लागेको थियो।

बिहानीको घाम तीनै जनामाथि बराबरीसँग परिरहेको थियो।

कविता

## बदलिएको देश



मेलिना बुढाक्षेत्री

हिजोको देश सम्झिँदा
धुलाम्मे बाटो, चिसो हावा,
भोकसँग लड्ने बाल्यकालका
कथाहरू,
आँखामा सपना, हातमा
खालीपन,
त्यहीँ कतै हराइरहेको आवाज–
"कहिले बदलिन्छ यो देश?"
पहाडका कुना-कन्दरामा
आमाका पसिनाले लेखिएका
गीतहरू,
बाबाको थाकेको सासमा
अधुरो भविष्यको कथा,
तर पनि आशा मरेन,
किनकि भोलि अझै बाँकी
थियो।

आज–
देश बदलिऐ भन्छन् मान्छेहरू,
सहरका सडकहरू चम्किएका
छन्,
उज्यालो बत्तीले रात हराएको छ,
मोबाइलको स्क्रीनमा सिमित
भएछन् सम्बन्धहरू,
तर मुटुको दूरी अझै घटेको
छैन।
बदलिएको देश–
तर के साँच्चै बदलिऐ मन?
शिक्षाको उज्यालो बढ्यो,
तर चेतनाको दीप कतै मधुरो छ,
ठूला भवनहरू उभिएका छन्,
तर भित्र मानवीयता कतै
खस्किएको छ।
युवा उड्दैछन् विदेशका
आकाशमा,
सपना बोकेर, बाध्यता लुकाएर,
आफ्नै माटोमा अवसर कम भएर
परदेशको माटोमा पसिना
साट्दैछन्।
देश बदलिऐ भनिन्छ,
तर किन आफ्नो घर छोड्न
बाध्य छन् सन्तान?
राजनीतिका रंगहरू फेरिए,
वाचा र भाषणको बाढी आयो,
तर जनताको पीडा उस्तै छ–
सुनिन्छ, बुझिँदैन।
लोकतन्त्र आयो, गणतन्त्र आयो,
तर न्याय अझै टाढै कतै
हराएको छ।

तर,
सबै कुरा अन्धकार मात्रै होइन–
बिहानीको किरण जस्तै
नयाँ पुस्ता उठ्दैछ,
प्रश्न गर्दैछ, सोच्दैछ,
बदल्ने हिम्मत बोकेर अघि
बढ्दैछ।
साना साना गाउँमा पनि
ज्ञानका उज्याला पस्दैछन्,
छोरीहरू पनि उड्न सिक्दैछन्,
अधिकारको आवाज बुलन्द
हुँदैछ।
यो पनि त परिवर्तन हो–
साँचो परिवर्तनको बीउ।
देश बदलिऐ,
तर परिवर्तन अधुरो छ अझै,
हामी सबै मिलेर पूरा गर्नुपर्ने
एउटा अधुरो कविता जस्तै।
बदलिएको देश–
यो केवल शब्द होइन,
यो जिम्मेवारी हो,
हाम्रो सोच, हाम्रो कर्म,
हाम्रो साहसमा निर्भर भविष्य।

एकदिन–
साँचो अर्थमा बदलिनेछ देश,
जहाँ न्याय सास फेर्छ,
जहाँ समानता गीत गाउछ,
जहाँ कसैको सपना टुट्दैन,
र कसैको आँसु व्यर्थ झर्दैन।
त्यो दिनसम्म–
लेखिरहौँ परिवर्तनका कथा,
बोकिरहौँ आशाका उज्याला,
किनकि
देश बदलिन्छ,
जब हामी बदलिन्छौँ।

*(कक्षा : ६
सुर्खेत मोडेल एकेडेमी)*

## सडक...

देखिन्छ। पेट्रोल, डिजेल र मट्टितेलको मूल्य बढेसँगै चालु अवस्थामा करिब पाँचवटा सडकका आयोजना प्रभावित हुने अनुमान गरिएको छ।

पेट्रोलियम पदार्थको मूल्यवृद्धिका कारण सडक कालोपत्र गर्न आवश्यक निर्माण सामग्री नपाएको गुनासो निर्माण व्यवसायीबाट आउने गरेको सडक डिभिजन कार्यालयका प्रमुख महताराको भनाई छ। निरन्तर बढ्दै गएको कच्चा तेलको मूल्यमा अन्तरराष्ट्रिय बजारमा गिरावट आएसँगै यसको प्रत्यक्ष असर नेपालमा पनि परेको छ।

## कुपोषण...

रिफरल प्रक्रियामा सहजीकरण गरेका थिए। यस अभियानलाई जिल्लाभर विस्तार गर्दै राप्तीसोनारी गाउँपालिकाका वडा नं. २, ६, ७ र ९ मा समेत सेवा सुरु गरिएको छ। स्थानीय स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविकाहरूको सक्रिय सहभागितामा समुदायस्तरमै पोषण परीक्षण सेवा प्रभावकारी रूपमा सञ्चालन भइरहेको छ।

स्वास्थ्यकर्मीहरूका अनुसार, अभियानले कुपोषणको प्रारम्भिक अवस्थामै पहिचान गर्न सहयोग पुऱ्याउनेछ भने समयमै उपचार र परामर्श उपलब्ध गराई दीर्घकालीन स्वास्थ्य सुधारमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ। समुदायमै पहुँच पुऱ्याएर सञ्चालन गरिएको यो अभियानले बालबालिका र आमाहरूको पोषण अवस्था सुधारमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ।

## सुकीलाई...

पक्षले खुलाएको छैन।

यस निर्णयलाई अन्तर्राष्ट्रिय समुदायले सावधानीपूर्वक स्वागत गरेको छ। संयुक्त राष्ट्रसङ्घका प्रवक्ता स्टेफन डुजारिकले यसलाई 'विश्वसनीय राजनीतिक प्रक्रियातर्फको सम्भावित सङ्केत' भने। यद्यपि सुकीका वकिलहरूले भने उनी अझै पनि अन्यायपूर्ण रूपमा स्वतन्त्रताबाट वञ्चित रहेको बताएका छन्।

सन् २०२१ मा सैनिक कू मार्फत सत्ता कब्जा गरेपछि मिन आङ ह्लाइङ नेतृत्वको सेनाले सुकीको निर्वाचित सरकार अपदस्थ गर्दै उनलाई विभिन्न आरोपमा हिरासतमा राखेको थियो। अधिकारवादी समूहहरूले ती आरोपहरूलाई राजनीतिक रूपमा प्रेरित बताएका छन्। त्यसयता देश गृहयुद्धमा फसेको छ, जसले हजारौँको ज्यान लिएको छ भने लाखौँ मानिस विस्थापित भएका छन्।

हालै सम्पन्न विवादास्पद चुनावपछि नागरिक राष्ट्रपति बनेका मिन आङ ह्लाइङले एनएलडीलाई प्रक्रिया बाहिर राखेका थिए। चुनावमा आलोचना वा विरोध गर्नेलाई कडा सजायको व्यवस्था गरिएको थियो भने द्वन्द्वग्रस्त क्षेत्रमा मतदान नै हुन सकेन। लोकतन्त्रका पक्षधरहरूले यसलाई सैनिक शासनलाई वैधानिक देखाउने प्रयासका रूपमा व्याख्या गरेका छन्।

विश्लेषकहरूका अनुसार सुकीलाई नजरबन्दमा सार्ने निर्णय पनि त्यही रणनीतिको निरन्तरता हुन सक्छ। सुकीका छोरा किम एरिसले यसलाई 'पुरानै शैलीको खेल' भन्दै अन्तर्राष्ट्रिय छवि सुधार्ने प्रयास भएको बताउनुभयो। उहाँले सुकीलाई परिवार र कानूनी टोलीसँग सम्पर्क गर्न दिइनुपर्नेमा जोड दिए।

देशभित्र अझै लोकप्रिय रहेकी सुकी लामो समयदेखि बाह्य सम्पर्कबाट टाढा राखिएकी छन्। परिवारले उनको स्वास्थ्यप्रति चिन्ता व्यक्त गर्दै आएको छ। यसैबीच, मिन आङ ह्लाइङले उहाँका निकट सहयोगी तथा पूर्वराष्ट्रपति विन मिन्टलाई पनि हालै क्षमादान दिनुभएको छ, जसलाई राजनीतिक सङ्केतका रूपमा हेरिएको छ।

अपङ्गता एक अवस्था हो।

- अपाङ्गता जुनसुकै स्थान, समय वा मानिसमा हुन सक्छ त्यसैले अपाङ्गता प्रति हेर्ने दृष्टिकोण बदलौ, समावेशी र समुन्नत समाज निर्माणमा योगदान गरौं।
- अपाङ्गता भएका व्यक्ति प्रति घृणा र तिरस्कार होईन सम्मान र विश्वास गरौ।

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत।

## सिलबन्दी दरभाउपत्र आह्वानको संसोधन सम्बन्धमा सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०१/१८**

गुर्भाकोट नगरपालिका अन्तर्गत जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, सुर्खेतको आर्थिक तथा प्राबिधिक सहयोगमा सञ्चालित तपसिलका सिंचाई, खानेपानी तथा सरसफाइ योजनाहरूका लागि परियोजनाको सामुदायिक(वाह्य निर्माण सामग्री) खरिद कार्यविधि–२०८२ बमोजिम योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्री पाइप, फिटीङ्गस्, सिमेन्ट, सरिया(रड) तथा औजारहरू खरिद गर्नु पर्ने भएकोले दरभाउ पत्र साथ संलग्न परिमाण, र उपलब्ध गराइएको स्पेशीफिकेशन वमोजिमको तौल र गुणस्तरका सामानहरू निम्न शर्तहरूको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायर्सबाट सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ। साथै प्रथम पटक जारि सूचनामा सिलबन्दी दरभाउपत्रको अनुमानित रकम उल्लेख गर्दा त्रुटी भएकोले निम्न बमोजिम सच्याइएको व्यहोरा जानकारी गराइन्छ।

**तपसिलः**

| सिलबन्दी दरभाउपत्र नम्बर | योजनाको नाम | सिलबन्दी दरभाउपत्रको अनुमानित रकम (ढुवानी सहित र भ्याट बाहेक) | सिलबन्दी दरभाउपत्र खरिद दस्तुर | ढुवानी गर्नु पर्ने स्थान |
|---|---|---|---|---|
| SQ/GOODS/ GM/01/082/083 | सिमलगैरा खहरे खोला सिँचाई तथा सरसफाई योजना, गुर्भाकोट- ९ सुर्खेत | ६१,१७,८१२।८५ (अक्षरुपी एकसठ्ठी लाख सत्र हजार आठ सय बाह्र रुपैयाँ पचासी पैसा मात्र) | ३,०००।०० (अक्षरुपी तिन हजार रुपया मात्र) | सम्बन्धित योजना स्थलमा (गुर्भाकोट नगरपालिका–९) |
| SQ/GOODS/ GM/02/082/083 | सिमलगैरा खानेपानी तथा सरसफाई योजना, गुर्भाकोट-३, सुर्खेत | २०,२८,५३२।३७ (अक्षरुपी बिस लाख अठाइस हजार पाँच सय बत्तिस रुपैयाँ सर्तिस पैसा मात्र) | ३,०००।०० (अक्षरुपी तिन हजार रुपया मात्र) | सम्बन्धित योजना स्थलमा (गुर्भाकोट नगरपालिका–३) |
| SQ/GOODS/ GM/03/082/083 | साजगैरा दाप्चा खानेपानी तथा सरसफाई योजना | २०,९७,४०६।०२ (अक्षरुपी बिस लाख सन्तानब्बे हजार चार सय छ रुपैयाँ दुई पैसा मात्र) | ३,०००।०० (अक्षरुपी तिन हजार रुपया मात्र) | सम्बन्धित योजना स्थलमा (गुर्भाकोट नगरपालिका–९) |

**शर्तहरुः**

१. विभिन्न आवश्यक निर्माण सामग्री, पाइप, फिटीङ्गस् तथा औजार सप्लाई सम्बन्धी दरभाउपत्र फारम सम्बन्धित गुर्भाकोट नगरपालिकाको कार्यालयबाट वा परियोजना www.laccp.org.np र नगरपालिकाको www.gurbhakotmun.gov.np वेबसाइटबाट प्राप्त गर्न सकिनेछ।

२. दरभाउपत्र पेश गर्दा तोकिएको फारम दस्तुर (पछि फिर्ता नहुने गरी) योजना संचालन हुने गुर्भाकोट नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक, मेहेलकुना शाखामा रहेको आन्तरिक राजश्व खाता नं.-४४८०१००३०१०१०००२ (ग १.१) मा जम्मा गरेको सक्कलै भौचर वा राजश्व शाखा सुत्रमा जम्मा भएको सिर्जित सक्कल भौचर सहित फर्म वा सप्लायरको लिखित निवेदनको साथमा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, अद्यावधिक कर चुक्ताको प्रमाणपत्र सहित यो सूचना प्रकाशित भएको मितिले १६औं दिन (मिति २०८३/०२/०२) को दिउसो १२:०० बजे भित्र सम्बन्धित नगरपालिकाको कार्यालय वा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, परियोजना सहयोग एकाई बिरेन्द्रनगर सुर्खेतमा पेश गरि सक्नु पर्नेछ। यी फारमहरू यो सूचना प्रकाशित भएको मितिबाट १५ औं दिन (मिति २०८३/०२/०१) को कार्यालय समयभित्र प्राप्त गर्न सकिनेछ। दरभाउपत्र फाराम सिलबन्दी गरी सम्बन्धित उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरू, पाइप तथा फिटीङ्गस् तथा औजार सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा उल्लेख गर्नुपर्नेछ।

३. सिलवन्दी दरभाउ पत्र पेश गर्दा

क) सप्लायरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ।

ख) हुलाक वा कुरियर मार्फत पठाएको सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १६औं (सोह्रौ) दिनको दिउसो १२:०० वजे भित्र प्राप्त भईसक्नु पर्नेछ।

४. सप्लाई हुने सामग्रीहरूको भुक्तानी उपभोक्ता समितिहरूको गोदाममा ढुवानी भै प्राविधिक चेकजाँच भएपछि मात्र हुनेछ। यसैले बोलपत्र सम्बन्धि धरौटी तथा बैक जमानतको आवश्यकता पर्ने छैन।

५. उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरू संकलन गरी यो सूचना प्रकाशित भएको मितिले १८ औं (२०८३/०२/०४) दिन गुर्भाकोट नगरपालिका, सुर्खेतको कार्यालयमा दिउसो १०:०० बजे उपभोक्ता समितिका खरिद समितिका प्रतिनिधिहरू, नगरपालिका कार्यालयका प्रतिनिधिहरू, जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना प्रतिनिधिहरू र दरभाउपत्रदाताहरू वा निजहरूको प्रतिनिधिको रोहवरमा खोलिनेछ। दरभाउ पत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्ने छैन।

६. दरभाउपत्र दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समय भित्र दर्ता गरिने वा खोलिनेछ।

७. दरभाउपत्रमा दररेट लेख्दा अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ। अंक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ।

८. दरभाउपत्र फाराममा तोकिएका लेख्ने स्थानहरू बाहेक, अन्यत्र कुनै पनि थप नोट, संकेत तथा कुनै जानकारी लेख्न पाइने छैन।

९. म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन।

१०. दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरूमा सुरक्षित रहनेछ।

११. अन्य शर्तहरू परियोजनाको सामुदायिक खरिद कार्यविधि २०८२ बमोजिम हुनेछ। थप शर्तहरू दरभाउपत्र फारम साथै संलग्न गरिएको छ।

१२. यो सूचनामा केहि संशोधन गर्नु परेमा सो को सूचना नगरपालिकाहरूको सूचना पाटीमा जानकारी गरिनेछ।

१३. अन्य थप जानकारी चाहिएमा गुर्भाकोट नगरपालिका वा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना कार्यान्वयन एकाई सम्पर्क गर्न सकिनेछ।

**संयुक्त खरिद समिति**

युगआह्वान
राष्ट्रिय दैनिक

# हवाई सुरक्षालाई आधुनिकीकरण गर्नेबारे पर्यटन मन्त्रालयको विज्ञहरूसँग परामर्श




**युग संवाददाता**
**काठमाडौँ, १८ वैशाख ।**

बदलिँदो परिस्थितिमा मुलुकको हवाई सुरक्षालाई आधुनिकीकरण गर्ने उपायको खोजी गर्न विज्ञहरूबीच विचारविमर्श भएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले पुल्चोक क्याम्पसको 'मेकानिकल एन्ड एरोस्पेस इन्जिनियरिङ' विभागमा बिहीबार आयोजना गरेको एकदिने कार्यशालामा सुरक्षाको दृष्टिले महत्वपूर्ण पाटोका रूपमा रहेको ' फ्लाइट डाटा मोनिटरिङ एन्ड एनालाइसिस' विषयमा सम्बन्धित वायुसेवा कम्पनी तथा अन्य सरोकारवाला निकायबीच छलफल भएको हो।

कार्यशालामा नेपालकै पहिलो ' फ्लाइट डेटा मनिटरिङ' (एफडीएम) सम्बन्धी 'फ्लाइट डाटा मोनिटरिङ एन्ड एनालाइसिस इम्प्लिमेन्टेसन फर फ्लाइट सेफ्टी विषयक विज्ञहरूले प्रस्तुति दिएका थिए। पर्यटन मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले उद्घाटन गरेको उक्त कार्यक्रममा मन्त्रालयका सहसचिव मुकेश डङ्गोलले कार्यक्रमको उद्देश्यबारेमा सहभागीहरूलाई जानकारी गराएका थिए।

उक्त कार्यक्रममा हवाई उडानका तथ्याङ्कहरूको विश्लेषण गरी भविष्यमा हुनसक्ने हवाई दुर्घटना न्यूनीकरण गर्न र तथ्याङ्कमा आधारित सुरक्षा प्रणाली लागू गर्न विशेष जोड दिइएको थियो। पुल्चोक क्याम्पसको डिपार्टमेन्ट अफ मेकानिकल एन्ड एरोस्पेस इन्जिनियरिङका विभागीय प्रमुख डा सुदीप भट्टराईको प्राविधिक नेतृत्व र हिमालय एयरलाइन्सको व्यावहारिक अनुभव समेटिएको यस कार्यशालाले प्राज्ञिक ज्ञान र हवाई उद्योगबीचको सम्बन्धलाई सुदृढ बनाएको मन्त्रालयले जनाएको छ। हिमालय एयरलाइन्सको तर्फबाट उडान जोखिम पहिचान र अन्तरराष्ट्रिय मापदण्डका सफल अभ्यासहरू प्रस्तुत गरिएको थियो।

विज्ञ सहजकर्ताका रूपमा सहजीकरण गर्नुभएका डा भट्टराईले हवाई सुरक्षाको दृष्टिकोणबाट महत्त्वपूर्ण रहेको फ्लाइट डाटा मनिटरिङ एनालाइसिस र यसको महत्वको बारेमा जानकारी गराउँदै कार्यान्वयनमा भइरहेको समस्या एवं समाधानका उपायका बारेमा आफ्नो प्रस्तुति दिएका थिए।

सहभागी वायुसेवा कम्पनीका प्रतिनिधिहरूले आआफ्नो संस्थामा एफडिएम कार्यान्वयनको अवस्थाबारेमा जानकारी दिएका थिए। उक्त कार्यक्रमले एफडिएमको प्रभावकारी रूपमा कार्यान्वयनमा जोड दिनुका साथै नेपालको हवाई क्षेत्रलाई अन्तरराष्ट्रियस्तरमा पुर्‍याउन नियामक र सञ्चालकहरूका लागि एक स्पष्ट रणनीतिक मार्गचित्रसमेत तयार गर्न सहयोग पुगेको मन्त्रालयको नागरिक उड्डयन महाशाखाले जनाएको छ।

कार्यक्रममा नेपाली वायुसेवा कम्पनीबाट हवाई सुरक्षासँग सम्बन्धित कर्मचारी, नियामक निकाय, नेपाल नागरिक उड्डयन प्राधिकरणबाट सम्बन्धित क्षेत्र हेर्ने पदाधिकारी, पुल्चोक क्याम्पसको सम्बन्धित विभागका विद्यार्थी र मन्त्रालयको नागरिक उड्डयन महाशाखाका कर्मचारीलगायतको उपस्थिति थियो।

## सुर्खेत...

थियो। उक्त जग्गा वीरेन्द्रनगर-७, मा अवस्थित छ। जग्गाको पश्चिमतर्फ सुकुमवासीका नाममा बसेका पाँच घरका कारण संरचना निर्माणमा अवरोध भएको भन्दै निर्माण व्यवसायीले काम अघि बढाएको छैन।

हालसम्म २९ लाख बढी भुक्तानी भई जग्गाको पश्चिमतर्फको खोला छेउमा माटो भर्न टेवा पर्खाल बाहेक अन्य संरचना निर्माण भएका छैनन्। ठेक्का सम्झौता भएसँगै छोटो अवधिमा सम्पन्न गर्नुपर्ने आयोजना भएकाले निर्माण व्यवसायीले काम सुरु गर्न खोज्यो। तर, पाँच घरको अवरोधले काम गर्न नसकिएको भन्दै निर्माण व्यवसायीले यातायात कार्यालयलाई जानकारी गरायो।

निर्माण व्यवसायीको जानकारी पश्चात कार्यालयका तत्कालिन निमित्त प्रमुख आनन्द चपाईंले १७ माघ २०७९ मा ट्रायल सेन्टर निर्माणमा अवरोध भएको भन्दै अनाधिकृत वस्ती खालि गरिदिने व्यहोराको पत्र जिल्ला प्रशासन कार्यालयलाई लेखे। सोही मितिमा यायायात कार्यालयले जिल्ला प्रहरी कार्यालय र वीरेन्द्रनगर नगरपालिकालाई पत्र लेखेको देखिन्छ। त्यसपछि कार्यालयले विद्युत र रुख काट्ने प्रयोजनका लागि १९ माघ २०७९ मा जिल्ला प्रशासन कार्यालयलाई पत्र लेखेको देखिन्छ।

त्यसपछि वडा नम्बर ७ को कार्यालयले पनि विभिन्न मितिमा अनाधिकृत वस्ती हटाउन पहल गरेको देखिन्छ। ४ बैशाख २०८० मा अनाधिकृत वस्ती हटाउन लागिएको भन्दै वडा कार्यालयले आवश्यक सुरक्षाकर्मी पठाइदिन आग्रह गरेको थियो। वडा कार्यालयले वीरेन्द्रनगर नगरपालिकालाई डोजरसमेत पठाइ दिन अनुरोध गर्‍यो।

वडाध्यक्ष ध्रुवकुमार चपाईंका अनुसार उक्त दिन प्रशासनले न सुरक्षाकर्मी पठायो, नत नगरपालिकाले डोजर नै। त्यसयता पनि पटक-पटक स्थानीयसँग छलफल भएपनि निकास निकाल्न नसकिएको उनले बताए। उनले जग्गा हडपेर बसेका पाँच घरलाई अन्यत्र सर्नेगरी विकल्प दिइएको तर उनीहरुले सो ठाउँ छाड्न नमानेको बताए। खोला क्षेत्रमा पर्ने भएकाले एक न एक दिन यस क्षेत्रमा बस्ने नागरिकलाई सुरक्षित स्थानमा सार्नु अनिवार्य छ। यसमा नगरपालिकाले सहजिकरणको पाटोमा निभाउनुपर्ने भूमिका भने निभाउन सकेको छैन।

पछिल्लो समय पूर्वाधार निर्देशनालयले प्रशासन, नगरपालिका र स्थानीयवासीसँग पटक-पटक छलफल गरेको दावी गर्दै आएको छ। यी छलफलमा आफूहरुको उचित व्यवस्थापन नभएसम्म जग्गा खाली नगर्ने अडानले आयोजना अघि बढ्न सकेको छैन। अन्यत्र घर बनाउने जग्गाको सुनिश्चितता गरिदिए आफुहरु जुनसुकै बेला उठ्न तयार रहेको स्थानीयले बताउदै आएका छन्। पूर्वाधार निर्देशनालय सुर्खेतका सूचना अधिकारी वीरेन्द्रजंग शाही भन्छन्, 'हामीले विभिन्न चरणमा जग्गामा बसेका स्थानीय, प्रशासन, यातायात र नगरपालिकासँग छलफल गरेका छौं। वस्ती हटाउने विषयमा पटक-पटक पत्रसमेत काटेका छौं। तर, उहाँहरुले जग्गा छोड्न मान्नु भएको छैन।'

पछिल्लो पटक विवाद समाधान नहुने देखिएपछि बल प्रयोग गर्न खोजिएको तर मानवअधिकारको विषय उठेपछि यो विषय थप पेचिलो बनेको शाहीले बताए। अनाधिकृत वस्ती हटान नेतृत्वदायी भूमिका निभाउने जिम्मेवारी जिल्ला प्रशासन कार्यालयको हो। मालपोत कार्यालय संघीय सरकार मातहत रहन्छ। तर, यो विषयमा सुर्खेतका प्रमुख जिल्ला अधिकारी जगदिश्वर उपाध्यायले निर्णायक भूमिका निभाउन सकेका छैनन्। यस विषयमा प्रजिअ बोल्न चाहदैनन्।

पछिल्लो पटक गृह मन्त्रालयले अतिक्रमित जग्गा खालि गराउन आवश्यक सुरक्षा प्रवन्ध मिलाउन देशभरका सिडिओलाई निर्देशन दिएको छ। यसै सन्दर्भमा अतिक्रमित ट्रायल सेन्टरको जग्गा खालि गराउने विषयमा प्रशासनको धारणा बुझ्न खोज्दा प्रजिअ उपाध्यायले फोन उठाएनन्। प्रशासनका गुनासो सुन्ने अधिकारीसमेत रहेका सहायक प्रमुख जिल्ला अधिकारी डिलबहादुर कार्कीले अतिक्रमित जग्गा खालि गराउने विषयमा कुनै तयारी नभएको बताए।

उनले जग्गा खालि गराउने विषय प्रदेश सरकार, यातायात कार्यालय र वीरेन्द्रनगर नगरपालिकाको थाप्लोमा हाले। हालसम्म यी निकायबाट कुनै ठोस निर्देशन वा पत्राचार नआएकाले अतिक्रमण हटाउने कार्यमा कुनै प्रगति नभएको दावी कार्कीको छ।

उनले भने, 'यो प्रदेशको संरचना भएकाले भौतिक मन्त्रालय र यातायातले अपनत्व लिनुपर्ने हो। यसअघि प्रहरी र नगरपालिकाले चासो दिए केही गरौला भन्ने थियो। तर, नगरपालिकाले लिन मानेन। अब सम्बद्ध पक्षसँग पुनः छलफल गरेर प्रक्रिया अघि बढ्ला।' उनको यो जवाफलाई आधार मान्ने हो भने तीन तहका सरकारबीच समन्वयको निकै खाडल देखिन्छ। प्रदेशले आयोजना कार्यान्वयन गर्ने, जग्गा संघीय सरकारको हुने र जग्गा वीरेन्द्रनगर नगरपालिकाभित्र हुँदा जिम्मेवार निकायका अधिकारीहरुले एकले अर्कोलाई देखाएर उम्कने प्रयास गरेको देखिन्छ।

ट्रायल सेन्टर निर्माण गरिने जग्गा मालपोत कार्यालयको नाममा रहेको भन्दै सो जग्गामा बनेका अनाधिकृत संरचना हटाउने मुख्य जिम्मेवारी पनि संघीय सरकारकै हुने बताउछन् वीरेन्द्रनगर नगरपालिकाका उपप्रमुख निलकण्ठ खनाल। उनले जिल्ला प्रशासन कार्यालयले वस्ती खाली गराउन चासो राखे आवश्यक सहजिकरण गर्न नगरपालिका तयार रहेको बताए।

# कर्णाली पारा ह्विलचियर टी-२० क्रिकेट प्रतियोगिता हुँदै

**युग संवाददाता**
**सुर्खेत, १८ बैशाख ।**

कर्णाली प्रदेशको राजधानी सुर्खेतमा शनिबारदेखि कर्णाली पारा ह्विलचियर क्रिकेट टी-२० प्रतियोगिता सञ्चालन हुने भएको छ। पारा फाउन्डेसन सुर्खेतको आयोजनामा यो प्रतियोगिता हुन लागेको हो। शारीरिक रूपमा अशक्त भएका व्यक्तिहरूको खेल कौशल प्रदर्शन गर्ने र उनीहरूलाई खेलकुदको मूल प्रवाहमा जोड्ने उद्देश्यले प्रतियोगिताको आयोजना गरिएको आयोजकले जनाएको छ।

प्रतियोगितामा जम्मा दुईवटा टिमबीच प्रतिस्पर्धा हुनेछ। खेल टी-२० (२० ओभर) को ढाँचामा खेलाइनेछ। प्रतियोगितामा विजेता समूहलाई पुरस्कारसमेत दिइने छ। प्रतियोगिता वीरेन्द्रनगर नगरपालिकाको दक्षिणमा रहेको क्रिकेट मैदानमा हुनेछ। तीन दिन चल्ने क्रिकेट प्रतियोगिताकै अवसरमा ह्विलचियर बास्केटबल र नृत्य प्रर्दशनसमेत गरिनेछ।

पारा खेलाडीहरूको मनोबल उच्च बनाउनु र समाजमा अपाङ्गता भएका व्यक्तिहरूको क्षमता प्रदर्शन गर्न सघाउ पुर्‍याउने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको जनाइएको छ। पारा फाउन्डेसनका अध्यक्ष किशोरबहादुर शाहीका अनुसार प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भइसकेको छ।

**स्वच्छ शहरः स्वस्थ्य शहर**

- धुवाँ बढी फाल्ने सवारीसाधनको प्रयोग नगरौं,
- सवारीसाधनको समयसमयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षरोपण गरौं,
- सार्वजनिक स्थलका बोटविरुवा तथा फूलको संरक्षण गरौं,
- स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं,
- ध्वनि र वायु प्रदूषण कम गरौं,
- सडकको समयसमयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरू**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्स्टिच्यूट**

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मोः नं ९८४८०७६८५६ (डी.बी. राना)

**सामेल एग्रिकल्चर प्रा.लि.**
वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत

हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाइटेक, हाइटेक तथा नर्सरीका सामग्रीहरु, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।

budhakarna287@gmail.com

थप जानकारीका लागि : ९८५८०७१९०२



**GANGAMALA TRAVELS & TOUR PVT. LTD**
**CAR WASH**

Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810

● MINI BUS ● JEEP/CAR
● EV VAN ● SUMO JEEP



**युगआह्वान दैनिक**का लागि **प्रकाशक/सम्पादकः** दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादकः** ओम बहादुर शाही, **प्रधान कार्यालयः** वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेटः** कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालयः** सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोनः** ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रणः** रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।